# निजामती कर्मचारी अस्पताल (कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य, अधिकार र सेवा सुविधा) विनियमावली, २०७७

६. **कार्यकारी निर्देशकको लागि अयोग्यता:** देहायको व्यक्ति कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि अयोग्य हुनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) गठन आदेशको दफा ६ को उपदफा (३) बमोजिमको योग्यता नपुगेको,

(ग) भ्रष्टाचार, जासूसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(घ) कुनै राजनीतिक दलको सदस्य,

(ङ) प्रचलित कानून बमोजिम कालोसूचीमा रहेको वा सम्बन्धित निकायको कारबाहीमा परेको ।

७. **कार्यकारी निर्देशकको उमेर हद:** कार्यकारी निर्देशक पैसठ्ठी वर्ष उमेर पुरा भएपछि पदमा बहाल रहने छैन् ।

# निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४

६. **कार्यकारी निर्देशक:** (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ती समितिले गर्नेछ।

तर यो आदेश प्रारम्भ भएपछि पहिलो पटकलाई नेपाल सरकारले कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको चिकित्सक वा *सरकारी वा गैर सरकारी क्षेत्रका अस्पताल व्यवस्थापक भई काम गरेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा एक अवधिको लागि खटाउन वा नियुक्त गर्न सक्नेछ।

*(२क) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम खटिएको वा नियुक्त भएको कार्यकारी निर्देशकको कार्यसम्पादनको स्तर सन्तोषजनक रहेको देखिएमा नेपाल सरकारले पुनः अर्को एक अवधिको लागि निजलाई खटाउन वा नियुक्त गर्न सक्नेछ।

(३) समितिले देहायको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(क) स्वास्थ्य क्षेत्रमा कम्तीमा *पन्ध्र वर्ष कार्य गरेको।

---

* तेस्रो संशोधनद्वारा संशोधित।
* दोस्रो संशोधनद्वारा संशोधित।
* चौथो संशोधनद्वारा थप।
* दोस्रो संशोधनद्वारा संशोधित।

(ख) चिकित्साशास्त्र वा अस्पताल व्यवस्थापन विषयमा स्नातकोत्तरको शैक्षिक उपाधि हासिल गरेको।

(ग) पैंतालिस वर्ष उमेर पूरा भएको।

(४) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(५) अस्पतालको दैनिक प्रशासन सञ्चालन गर्ने र समितिले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने कर्तव्य कार्यकारी निर्देशकको हुनेछ।

(६) कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

*तर कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा नतोकिएसम्म नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।